"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

## आठराई गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ८       संख्याः ४**

**गाउँ कार्यपालिकाद्वारा पारित मितिः २०८२/०३/२०**

**राजपत्रमा प्रकाशित मितिः २०८२/०३/२०**

## भाग २

**आठराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**संक्रान्तिबजार, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

# आठराई गाउँपालिकाको प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यविधी, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०३/२०

**प्रस्तावनाः**

शिक्षा एक आधारभूत मौलिक हकको रुपमा रहेको छ। प्राविधिक शिक्षामा खास गरी आठराई गाउँपालिकाका छात्रछात्राहरुको पहुँच कमजोर भएको हुँदा प्राविधिक शिक्षामा लक्षित समूहका छात्रछात्राहरूको पहुँच बढाई गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गरी प्रोत्साहन गर्न आवश्यक रहेको अवस्थामा प्राविधिक शिक्षाको डिप्लोमा तहका विभिन्न विषयमा अध्ययन गर्ने विपन्न तथा जेहेन्दार छात्रछात्राहरुलाई प्रोत्साहन गर्न प्राविधिक शिक्षा अध्ययन छात्रवृत्तिको वितरण गर्न वाञ्छनीय भएकोले, **आठराई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१ को दफा** ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यविधि-२०८२" रहेको छ।

(२) यो कार्यविधि आठराई गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **"कार्यविधि"** भन्नाले प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ।

ख. **"गाउँपालिका"** भन्नाले आठराई गाउँपालिका, तेह्रथुमलाई सम्झनु पर्दछ।

ग. **"छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति"** भन्नाले यसै कार्यविधिको दफा ११ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

घ. **"छात्रवृत्ति"** भन्नाले तोकिएको सूचकका आधारमा छनौट भएका छात्रछात्राहरूलाई निःशुल्क प्राविधिक शिक्षा अध्ययनका लागि गाउँपालिकाले उपलब्ध गराउने वार्षिक मौद्रिक सुविधालाई जनाउँछ।

ङ. **"प्राविधिक शिक्षा"** भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट अनुमति लिई सञ्चालित कृषि तथा पशु विज्ञान, इञ्जिनियरिङ्ग, स्वास्थ्य/नर्सिङ, वन विज्ञान, तर्फका कक्षा सम्झनु पर्दछ।

च. **"प्राविधिक शिक्षालय"** भन्नाले आठराई गाउँपालिका भित्र हाल सञ्चालनमा रहेको प्राविधिक शिक्षा अध्यापन हुने तेह्रथुम बहुप्राविधिक शिक्षालय र यस कार्यविधि लागू भएको मिति पश्चात स्थापना भई / अध्यापन हुने प्राविधिक विद्यालयलाई सम्झनु पर्दछ।

छ. **"स्थायी बासिन्दा"** भन्नाले आठराई गाउँपालिका अन्तर्गतको कुनै पनि वडाबाट सिफारिस भइ नेपाली नागरिकता प्राप्त गरी यस पालिकामा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा निजको परिवारका सदस्य, अन्य कुनै पनि पालिकाबाट यस पालिकामा स्थायी बसोबास गर्ने गरी बसाई सराई गरी आएको ३ महिना भएको व्यक्ति वा यस पालिकामा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट मतदाता परिचय पत्र प्राप्त गरेको व्यक्ति वा निजको परिवारका सदस्यलाई सम्झनु पर्छ।

ज. **"शिक्षा शाखा"** भन्नाले आठराई गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

३. **प्राविधिक शिक्षा छात्रवृत्ति वितरण गर्नुको उद्देश्यः** (१) आठराई गाउँपालिकाका विपन्न तथा जेहेन्दार छात्रछात्राहरूमा प्राविधिक शिक्षाको पुहँच स्थापित गर्नु।

(२) गाउँपालिका बासीको मुख्य पेशाको रूपमा रहेको कृषि क्षेत्रको लागि अत्यावश्यक प्राविधिक जनशक्ति तयार गरी कृषि आधुनिकिकरण तथा व्यवसायीकरणलाई प्रवर्द्धन गर्नु।

(३) गाउँपालिका भित्रका आर्थिक अभावका कारण प्राविधिक शिक्षा अध्ययनको अवसर नपाएका विद्यार्थीहरुलाई अध्ययनको अवसर प्रदान गर्नु।

(४) प्राविधिक शिक्षालयमा विद्यार्थी संख्या कम देखिएका कारण विद्यार्थिको आकर्षण बढाई शिक्षालयहरुलाई आर्थिक रुपले सवल बनाउनु।

## परिच्छेद — २
## छात्रवृत्तिका लागि समावेश गरिएको विषय क्षेत्र तथा लक्षित समूह

४. यो छात्रवृत्ति निम्नानुसारका डिप्लोमा तहका तीन वर्षे प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुको लागि मात्र उपलब्ध गराइने छ।

५. गाउँपालिका भित्र सञ्चालित प्राविधिक शिक्षालयमा माथि उल्लेख गरिएका विषय क्षेत्रहरुमा अध्ययन गरिरहेका तोकिएको संख्याका विपन्न तथा जेहेन्दार छात्रछात्राहरु यस छात्रवृत्तिका लक्षित समूह रहेका छन् ।

## परिच्छेद — ३
## छात्रवृत्तिका लाभग्राही विद्यार्थी छनौट, निरन्तरताका आधार तथा शर्तहरु

६. यो छात्रवृत्ति वितरणका लागि निम्न बमोजिमका आधारहरू अपनाइनेछः (१) गाउँपालिका भित्र सञ्चालित प्राविधिक शिक्षालयमा उल्लेखित तह र विषयको प्रवेश परीक्षा उत्तीर्ण गरी सोही शिक्षालयमा भर्ना भई नियमित अध्ययन गरिरहेको हुनुपर्ने।

(२) छात्रवृत्तिको लागि निवेदन दिएको वर्ष अन्य कुनै सरकारी छात्रवृत्ति नपाएको भनी अध्ययनरत शिक्षालयले सिफारिस गरेको हुनुपर्ने,

(३) गाउँपालिकाको **स्थायी बासिन्दा** तथा विपन्न परिवारको विद्यार्थी हो भनी सम्बन्धित वडाको सिफारिस संलग्न हुनुपर्ने,

(४) उच्च अनुशासन, असल आचरण भएको तथा बाल विवाह नगरेको हुनुपर्ने,

(५) सूचना जारी गरी प्राप्त आवेदनहरुको S.E.E. को शैक्षिक प्रमाणपत्रको औषत जि.पि.ए. तथा अध्ययनरत शिक्षालयले लिएको प्रवेश परीक्षाको प्राप्ताङ्क साथै आर्थिक रुपमा विपन्नताको आधारमा मेरिट सूची तयार गरी मेरिटमा उच्च स्थानमा रहेकालाई छात्रवृत्तिका लागि छनौट गरिने।

७. कुनै कक्षामा छात्रवृत्ति पाएका विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन्-

(क) जम्मा विद्यालय खुलेको दिनको असी (८०) प्रतिशत हाजिरी नभएमा,

(ख) अध्ययनको सिलसिलामै २० वर्षभन्दा कम उमेरमा विवाह गरेमा,

(ग) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा,

(घ) गाउँपालिका तथा विद्यालय प्रशासनले तोकेको अन्य नियम उलंघन गरेको प्रमाणित भएमा।

## परिच्छेद — ४

## छात्रवृत्ति कोटा, रकम तथा रकम निकासा प्रक्रिया

८. यस कार्यविधि बमोजिम उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति तपसिल अनुसारको वडागत कोटा कायम गरी उपलब्ध गराइनेछ। तर कुनै वडाको कोटामा छात्र वा छात्रा कम भएमा सोही वडाको वैकल्पिक सूचीको उपल्लो क्रममा रहेका क्रमशः छात्रा वा छात्रबाट तथा यसरी पनि कोटा पूरा नभएमा वैकल्पिक सूचीको उपल्लो क्रममा रहेका अन्य वडाका कमशः छात्रा वा छात्रबाट पूर्ति गरिनेछ ।

| क्र.सं. | छात्रवृत्तिको विवरण | छात्रवृत्ति प्राप्त गर्ने | | | | छात्रवृत्ति प्राप्त गर्ने गाउँपालिकाको जम्मा छात्रछात्रा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | छात्र संख्या | | छात्रा संख्या | | | |
| | | प्रति वडा | गाउँपालिका जम्मा | प्रति वडा | गाउँपालिका जम्मा | | |
| १. | | | | | | | |

९. यस कार्यविधि बमोजिम उपलब्ध हुने प्रति विद्यार्थी छात्रवृत्ति रकम गाउँपालिका र सम्बन्धित प्राविधिक शिक्षालयसँगको सम्झौता बमोजिम उपलब्ध गराइनेछ। गाउँपालिकाले सम्बन्धित प्राविधिक शिक्षालयसँग समन्वय गरी छात्रवृत्ति प्राप्त गरेका छात्रछात्राहरूले अध्ययन पुरा गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ।

१०. **छात्रवृत्ति रकम उपलब्ध गराइने सम्बन्धी व्यवस्थाः** मेरिट लिस्टका आधारमा छनौट भएका विद्यार्थीहरुलाई गाउँपालिकाबाट उपलब्ध हुने छात्रवृत्ति रकम निजहरूले अध्ययन गरिरहका

प्राविधिक शिक्षालयबाट प्राप्त निजहरूको अध्ययन प्रगति प्रतिवेदनको आधारमा वार्षिक रूपमा सोही शिक्षालयको खातामा पठाइनेछ।

## परिच्छेद — ५
## छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

११. **छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समितिः** (१) गाउँपालिकाबाट वितरण गरिने छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको **"छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति"** रहनेछ-

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - संयोजक
(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य
(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य
(ङ) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको समितिले आवश्यकता परेको खण्डमा उल्लिखित छात्रवृत्तिसँग सम्बन्धित विषयमा अनुभव भएका विज्ञहरु मध्येबाट २ जनासम्मलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

१२. **समितिको काम, कर्तव्य र अधिकारः** दफा ११(१) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम दिइने छात्रवृत्ति पाउने विद्यार्थीको अधिक्तम संख्या निर्धारण गर्ने।

(ख) **अनुसूची — १** बमोजिमको ढाँचामा गाउँपालिका मार्फत दरखास्त आह्वानको सूचना प्रकाशन गर्ने,

(ग) **अनुसूची — २** बमोजिमको ढाँचामा विद्यार्थीहरुबाट आवेदन सङ्कलन गरी प्राप्त भएका आवेदन उपर छानविन तथा मूल्याङ्कन गरी योग्य उम्मेद्वारको छनौट गरी छात्रवृत्तिको लागि सम्बन्धित प्राविधिक शिक्षालयलाई सिफारिस गर्ने।

(ख) छात्रवृत्ति वितरणका लागि आवश्यक बजेटको व्यवस्था कार्यपालिकाको सिफारिसमा सभा मार्फत विनियोजन गर्नु पर्नेछ।

(ग) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई अध्ययन पूरा भए पश्चात् गाउँपालिकाको कुनै वडा तोकी स्वयम् सेवाका लागि खटाउने तथा निजहरुको स्वयम् सेवाको अनुगमन तथा मूल्यांकन गर्ने।

(घ) छात्रवृत्तिको सम्बन्धमा प्राविधिक शिक्षालयहरुसँग समन्वय गर्ने।

(ङ) छात्रवृत्ति पाएका विद्यार्थीहरूको अभिलेख राख्ने जिम्मेवारी समितिको सदस्य-सचिवको रहनेछ।

१३. छात्रवृत्ति वितरण सम्बन्धी कुनै विवाद वा अन्य कुनै प्राविधिक समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

आठराई राजपत्र

**अनुसूची — १**

**दरखास्त आह्वानको सूचनाको ढाँचा**

(दफा १२'क' सँग सम्बन्धित)

## छात्रवृत्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०....।....।.....)**

प्रस्तुत विषयमा आठराई गाउँपालिकाको चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन सन्दर्भमा यस गाउँपालिका भित्र स्थायी बसोबास भई आर्थिक रूपले विपन्न भएका जेहेन्दार विद्यार्थीहरूलाई लक्षित गरी प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम रहेकाले सम्बन्धित विद्यार्थीहरूले देहायका कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा (वा शाखाको इमेल ठेगानामा) निवेदन पेश गर्नहुन **"आठराई गाउँपालिकाको प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यविधी — २०८२" दफा १२(क)** बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>**पेश गर्नुपर्ने कागजातहरुः**</u>

१. नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,
२. सम्बन्धित विद्यार्थीको स्थायी ठेगाना भएको सम्बन्धित वडा कार्यालयको सिफारिस,
३. सम्बन्धित विद्यार्थीले सम्पन्न गरेको अघिल्लो कक्षा वा तहको प्रमाणपत्रको प्रतिलिपी,
४. सम्बन्धित विद्यार्थीले अध्ययन गरिरहेको शैक्षिक संस्थाको सिफारिस,
५. सम्बन्धित विद्यार्थीले अध्ययन गरिरहेको शैक्षिक संस्थामा चालु आर्थिक बर्षमा तिरेको शुल्कको रसिदको प्रतिलिप,
६. दलित, जनजाति,अल्पसंख्यक वा लोपोन्मुख जाति भएमा सम्बन्धित निकायबाट प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिप र
७. अनुसूची — २ बमोजिम सम्बन्धित विद्यार्थीको निवेदन तथा छात्रवृत्ति आवेदन फारम ।



आठराई राजपत्र

**अनुसूची — २**

**छात्रवृति आवेदन फारमको ढाँचा**

दफा १२ 'ख' सँग सम्बन्धित

मितिः.........................

श्रीमान संयोजकज्यू, **छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति,**
मार्फत, श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संक्रन्तिबजार, तेह्रथुम।

**विषयः** छात्रवृत्तिमा समावेश गरिदिने सम्बन्धमा।

यस आठराई गाउँपालिकाबाट "प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यविधी — २०८२" बमोजिम प्रदान गरिने छात्रवृत्तिको सूचीमा समावेश गरिदिनुहुन देहाय बमोजिमका कागजातहरू संलग्न राखी यो निवेदन पेश गर्दछु।

**देहायः**

संलग्न कागजातहरूः

१. छात्रवृति आवेदन फारम,
२. नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. एस.इ.ई./अघिल्लो कक्षाको लब्धाङ्क पत्रको प्रतिलिपि,
४. आठराई गाउँपालिका भित्र स्थायी बसोबास रहेको प्रमाणित हुने कागजात (बसाइ सरी आएको हकमा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि),
५. दलित, जनजाति,अल्पसंख्यक वा लोपोन्मुख जाति भएमा सम्बन्धित निकायबाट प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि,
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

.................................

आवेदक विद्यार्थीको नामः-...............................

ठेगानाः आठराई गा.पाः वडा नं......., ..............

अध्ययनरत विषय र वर्षः-...............................

**आठराई गाउँपालिका**

प्राविधिक शिक्षा छात्रवृत्ति आवेदन फाराम

| अनुहार प्रष्ट देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरुः
क. आवेदनको सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नु पर्नेछ,
ख. सम्बन्धित विकल्पको लागि एक कोठामा मात्र ठिक चिन्ह लगाउनु पर्नेछ,

१. **विद्यार्थीको पूरा नाम थर(देवानगरीमा)** ..............................................
**Name in English (BLOCK LETTER):**

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| FIRST NAME | | | | | | | | | | | | | | | | |
| MIDDLE NAME | | | | | | | | | | | | | | | | |
| LAST NAME | | | | | | | | | | | | | | | | |

२. **जन्म मितिः**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.सं. | Y | Y | Y | Y | - | M | M | - | D | D |
| A.D. | Y | Y | Y | Y | - | M | M | - | D | D |

३. **विद्यार्थीको स्थायी ठेगानाः**
प्रदेशः कोशी जिल्लाः तेह्रथुम गाउँपालिकाः आठराई गाउँपालिका
वडा नं .......... गाउँ/टोल...................................................................

४. **लिङ्गः** ☐ महिला ☐ पुरूष ☐ अन्य
५. **जातजातीः** ☐ आदिवासी/जनजाती ☐ दलित ☐ सिमान्तकृत तथा लोपुन्मुख ☐ खस/आर्य ☐ अन्य
६. **अध्ययन गरिरहेको प्राविधिक विद्यालयको विवरणः**

| | |
|---|---|
| विद्यालयको नाम/ठेगानाः | |
| अध्ययन गरिरहेको विषयः | |
| शैक्षिक वर्ष/कक्षा/तह (वर्ष/सेमेष्टर): | |
| अघिल्लो कक्षा/तह(वर्ष/सेमेष्टर) को जि.पि.ए. | |
| एस.इ.ई. उत्तीर्ण वर्ष/एस.इ.ई.को जि.पि.ए. | |

७. **आवेदकको पारिवारिक विवरण**

| | | |
|---|---|---|
| बुबाको नाम थरः | | पेशाः |
| आमाको नाम थरः | | पेशाः |
| बाजेको नाम थरः | | पेशाः |
| परिवारको अनुमानित वार्षिक आम्दानी रू. | | |

८. **बैक खाता सम्बन्धी विवरणः**

| | |
|---|---|
| बैंकको नामः | |
| बैंक खातामा भएको नाम (अङ्ग्रेजीमा) | |
| बैङ्क मौज्दात रकमः | |

फाराममा उल्लेख भएको विवरण ठीक/साँचो हो, झुट्टा ठहरे प्रचलित ऐन, कानून बमोजिम सहने/बुझाउने छु।

विद्यार्थीको हस्ताक्षरः..................................

आज्ञाले,
शंकर पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

आठराई राजपत्र